# विश्व न्याय गृह

## रिज्वान २०२२

विश्वभरिका बहाईहरूका लागि

अति प्रिय मित्रहरू

तैयारी तथा प्रतिविम्ब, र साथै कठोर परिश्रमको एक वर्ष पूरा भएको छ; विश्व भरिका मित्रहरूको प्रयासले अब्दुल-बहाको स्वर्गारोहणको शतवार्षिकी मनाउने र उनको सम्मान गर्ने पवित्र भूमिमा आयोजित विशेष कार्यक्रममा सम्मिलित हुन प्रतिनिधीहरू पठाउने काम समेतले यस वर्षलाई प्रतिष्ठित बनाएको छ। यी प्रयासहरू मार्फत, अब्दुल-बहाको जीवनबाट प्रदान गरिएको प्रेरणा, बहाईहरूले मात्र नभई अनगिन्ती आत्माहरूले महसुस गरेको छन् । मानव परिवारको प्रत्येक सदस्यको लागि उनको चासो, उनको शिक्षण कार्य, शिक्षा र सामाजिक कल्याणको लागि उनको साहसी कामहरूको प्रवर्द्धन, पूर्व तथा पश्चिम दुवैमा आयोजित विचार-विमर्शहरूमा उनको गहिरो योगदान, उपसाना गृहहरू निर्माण गर्ने परियोजनाहरू प्रति उहाँको हार्दिक प्रोत्साहन, बहाई प्रशासनको प्रारम्भिक रुपलाई सही आकार दिने काम, सामुदायिक जीवनका विविध पक्षहरूलाई हुर्काउने काम- उनको जीवनका यी सबै पूरक पक्षहरू परमेश्वर र मानवताको सेवामा उनको निरन्तर र पूर्ण समर्पणको प्रतिविम्ब थिए। नैतिक अख्तियारको उच्च व्यक्तित्व र आध्यात्मिक अन्तरदृष्टिलाई उछिने, अब्दुल-बहा एक शुद्ध माध्यम हुनुहुन्थ्यो जसको माध्यमबाट बहाउल्लाहको प्रकटिकरणद्वारा प्रस्फुटित शक्तिहरूले संसारभरि काम गर्न सक्थे । समाज-निर्माणका शक्तिलाई बुझ्नका लागि अब्दुल-बहाको सेवाकालमा भएका उपलब्धिहरू र उनको कलमबाट अविरल रुपमा प्रवाहित मार्गदर्शनका परिवर्तनकारी प्रभावहरू बाहेक अरु कतै हेर्नु पर्दैन । हालको बहाई समुदायले गरेका कैयौं अद्भूत प्रगतिहरू जसलाई हाम्रो गत रिज्वानमा सर्वेक्षण गरिएको थियो-तिनीहरूको उत्पत्ति अब्दुल-बहाको कार्यहरू, निर्णयहरू र निर्देशनहरूमा पत्ता लाग्दछन् ।

त्यसैले यो कति उपयुक्त छ कि बहाई समुदायको सामुहिक श्रदाञ्जली आफ्नो पूर्ण आदर्शलाई अझ ठूलो उपायमा धर्मको समाज-निर्माण शक्तिलाई प्रस्फुटित गरि एउटा महान कार्यको सुरुवातको प्रस्तवाना हो। नौ वर्षे योजनाको दायरा भित्र पर्ने प्रयासका क्षेत्रहरू र हालका योजनाहरूको श्रृङ्खलालाई यो सवाङ्ग उद्देश्यको पूर्तितर्फ निर्देशित गरिएको छ । यो महान आध्यात्मिक उद्यम हो सुरुवातलाई संकेत गर्न विश्वभरि आयोजना गरिएका १०,००० भन्दा बढी सम्मेलनहरूको केन्द्रविन्दु पनि हो । अभूतपूर्व संख्यामा सहभागीहरूलाई स्वागत गर्ने अपेक्षा गरिएका यी सम्मेलनहरूले बहाईहरूलाई मात्र नभई अन्य धेरै शुभचिन्तकहरूलाई पनि एकै ठाउँमा ल्याइरहेका छन्, त्यस्ता व्यक्तिहरू जसले उनीहरूका साथमा एकताको भावना र उन्नत विश्वको चाहना गर्दै छन् । तिनीहरूको दृढ संकल्प र उद्देश्यको बलियो भावना पहिले नै भएका भेलाहरूमा उत्पन्न भएका भावनामा प्रतिबिम्ब भएको छ; जहाँ सहभागीहरूलाई उनीहरूले योगदान गरेका गतिशील परामर्शहरूद्वारा जति नै ती र भेला कार्यक्रमहरूमा अन्वेशण गरिएको सामूहिक दृष्टिले उत्पेरित गरिएको छ । आउँदा महिना तथा वर्षहरूले के ल्याउने छ भने हामी उत्सुकताका…………………

हामीले हाम्रो ३० डिसेम्बर २०२१ को सन्देश सल्लाहकारहरूको सम्मेलनलाई सम्बोधन गरे पछि राष्ट्रिय आध्यात्मिक सभाहरू तथा क्षेत्रीय बहाई परिषदहरूले नौ वर्षे योजनाको दौरानमा आफ्नो क्षेत्रधिकार भित्रको क्लष्टरहरूमा बृद्धि प्रक्रिया तीव्र पार्ने सम्भावनाहरूमा गम्भीरतापूर्वक मूल्याङ्कन गरिरहेका छन् । समयको साथमा भएको प्रगति नाप्ने उद्देश्यको लागि हामीलाई लाग्छ कि योजनालाई दुई चरणमा प्रकट भएको हेर्न सक्छौं, एउटा चार वर्षको र दोस्रो पाँच वर्षको, त्यसैले राष्ट्रिय सभाहरूलाई रिज्वान २०२६ र त्यसपछि रिज्वान २०३१ मा आफ्ना समुदायहरूमा अपेक्षित प्रगति बारे विचार गर्न आमन्त्रित गरियो । यस अभ्यासमा क्लष्टर सीमाहरूको मूल्याङ्कन पनि समावेश छ, र यी समायोजनाहरूका नतीजा यो हो कि विश्वमा क्लष्टरहरूको कुल संख्या एक चौथाईले बढेको छ, र अब २२,००० भन्दा बढी हुन पुगेको छ । प्राप्त प्रक्षेपणको आधारमा, यो अनुमान गरिएको छ कि योजनाको अन्तसम्म, विकासको कुनै स्तरमा लगभग १४,००० क्लष्टरहरूमा वृद्धि कार्यक्रम स्थापित भएको हुनेछ । ती मध्य, वृद्धि कार्यक्रमलाई गहन मान्न सकिने संख्या सोही अवधिमा ११,००० पुग्ने अनुमान गरिएको छ । र यी मध्ये, तेस्रो कोशेढुङ्गा पार गरिसकेका क्लष्टरहरूको संख्या २०३१ सम्ममा ५,००० भन्दा माथि पुग्ने अनुमान गरिएको छ । निसन्देहः त्यस्तो प्रगति गर्न योजनाको सम्पूर्ण अवधि ठूलो प्रयास आवश्यक हुनेछ । तैपनि हामीले यिनीहरूलाई प्रयास गर्न योग्य आकाँक्षाहरू ठान्दछौं, किनभने तिनीहरू महत्वकाँक्षी भए पनि गम्भीर मूल्याङ्कन गर्‍यो भने प्राप्त गर्न सकिने देखिन्छन् ।

यस बाट स्पष्ट हुन्छ । यस्ता उद्देश्यहरू यर्थाथपरक रुपमा सोच्न सकिदैन थियो यदि प्रशासनिक संस्थाहरू र संगठनहरूले स्पष्ट रुपमा विकास नगरेको भए, उनीहरूमा उल्लेखनीय रुपमा बढेको क्षमता कैं कारण छिटो छिटो बढी रहेको समुदायका गतिविधिहरू र विशाल र बढ्दो संख्यमा आत्मीय आत्माहरूलाई अंगाल्न सकिएको छ । यदि सिक्ने इच्छा-कार्य गर्ने, प्रतिबिम्ब गर्ने, अन्तदृष्टि खिच्ने र अन्यत्र देखा पेरका अन्तदृष्टिलाई आत्मासाथ गर्ने काम समुदायको सबै भन्दा तल्लो तहसम्म पालनपोषण नगरेको भए यस्तो विकासको आँकाक्षा गर्न सम्भव हुने थिएन । यस्ता अनुमानहरूद्वारा निहित प्रयास सम्भव हुने थिएन यदि बहाई विश्वमा शिक्षण कार्य र मावन संसाधन विकासको लागि व्यवस्थित दृष्टिकोण बढ्दो रुपमा प्रकट नभएको भए । यी सबैले बहाई समुदायको आफ्नै पहिचान र उद्देश्यको बारेमा बढी जागरुकता ल्याएको छ । सामुदायिक निर्माणको प्रक्रियामा बाह्य दृष्टि अप्नाउने संकल्प धेरै, धेरै, ठाउँहरूमा संस्कृतिको रुपमा र यो अव समुदायहरूको बढ्दो संख्यामा फुल्न थालेको छ, बहाई समुदायको सदस्यता भन्दा बढी संख्यामा समाज भित्र ठूला ठूला समूहहरूको आध्यात्मिक तथा भौतिक प्रगतिको लागि वास्तविक जिम्मेबारीको भावनामा प्रगति देखिएको छ । समुदाय निर्माण गर्न, सामाजिक कार्यमा संलग्न हुन, र समाजको प्रचलित वार्तालापमा योगदान दिन मित्रहरूको प्रयास एउटै विश्वव्यापि उद्यममा जोडिएको छ, कार्यको लागि साझा ढाँचाद्वारा सँधै बाँधिएर मानवतालाई आफ्नो मामिला.................. प्रशासनिक व्यवस्थाको उद्घाघाटन भएको एक सय वर्ष पछि यहाँसम्म आइपुगेको हामीले वर्णन् गरेका घटनाक्रमको महत्वलाई उपेक्षा गर्न सकिँदैन । विगत दुई दशकमा क्षमतामा भएको असाधारण वृद्धि...... र जसले बहाई विश्वलाई प्रभु धर्मको समाज निर्माण गर्ने शक्तिहरूको प्रस्फुटनको सन्दर्भमा आफ्ना प्रयासहरूलाई सम्भव बनाएको छ- हामीले प्रभु धर्म निर्माणधीन युगको छैटौं युगमा प्रवेश गरेको छ भन्ने अविवादित प्रमाण देख्दछौं । हामीले गएको रिज्वानमा घोषणा गर्‍यौं कि बहाई क्रियाकलापहरूमा ठूलो संख्यामा भाग लिने, विश्वासद्वारा प्रज्ज्वलित र आफ्ना समुदायको सेवा गर्न सीप र क्षमता प्राप्त गर्ने व्यापक घटनाले स्वामीको दैवी योजनाको तेस्रो युग शुरु भएको संकेत गर्‍यो; यसरी एक वर्षे योजना, त्यसको शुरुवातमा र अहिले त्यसको समापनमा, विश्वासीहरूको समुदायले गरेको प्रगतिलाई एउटा ऐतिहासिक कदमको रुपमा हेर्न सकिन्छ । र, एउटा नयाँ शक्तिशाली अभियानको संघारमा, अनुयायीहरूको यो एकताबद्ध समूह आफ्नो अगाडि देखिएका खुल्ला सम्भावनाहरू प्रयोग गर्न तैयार छ ।

हाल समाप्त भईरहेको युगको एउटा प्रमुख विशेषता थियो अन्तिम महाद्वीपिय उपसना गृह (बहाई पूजा घर) को निर्माण र राष्ट्रिय तथा स्थानीय उपसना गृहको स्थापना गर्न परियोजनाहरूको प्रारम्भ । मश्रिकुल-अधकारको अवधारणा र यसले मूर्त रुप दिने उपासना र सेवाको एकीकरणको बारेमा संसारभरिका बहाईहरूले धेरै कुरा सिकेका छन् । निर्माणधिन युगको छैठौं युगावधिमा समुदाय भित्रको समृद्ध भक्तिभावपूर्ण जीवनको विकासले डोऱ्याउने मार्गको बारेमा अरु धेरै कुराहरू सिकिने छ- र साथै यसले उत्प्रेरित गर्ने सेवा भावना - बहाई उपसाना गृहको उपस्थितिको कारण । विभिन्न राष्ट्रिय आध्यात्मिक सभाहरूसँग परामर्श शुरु हुँदैछ, र ती अगाडि बढ्दै जाँदा बहाई उपसना गृह कुन कुन ठाउँमा खडा हुने हो, आगामी वर्षहरूमा, त्यसबारे हामीले घोषणा गर्नेछौं ।

अति महानका समुदाय झन् झन् बलियो हुँदै गएको देख्न पाउँदा जुन हर्ष पैदा भएको छ, त्यसको विपरित ससारको परिस्थिति र द्वन्दहरूको निरन्तरता देखेर हाम्रो मनमा गहिरो दुःखले छोएको छ, जसले गर्दा दुःख र निराशाजनक पीडाहरू सिर्जना भएको छ-खासगरि, विनाशकारी शक्तिहरूको पुनरुत्थानलाई हेर्दा तिनीहरूले अन्तर्राष्ट्रिय मामिलालाई अव्यवस्थित बनाएको छ र जनसंख्यामा भयावह अवस्था खनाएको छ । हामी राम्ररी जान्दछौं र आश्वस्त छौं कि बहाई समुदायहरूले विभिन्न फरक फरक सन्दर्भहरूमा बारम्बार प्रदर्शन गरेका छन् कि बहाउल्लाहका अनुयायीहरू आफ्ना वपपरका मानिसहरूलाई राहत र सहयोग प्रदान गर्न प्रतिबद्ध छन्, चाहे तिनीहरूको आफ्नै परिस्थिति जति सुकै कठिन भए पनि । तर, जबसम्म पूरा मानवजातिले आफ्नो मामिलालाई न्याय र सत्यको आधारमा स्थापित गर्न थाल्दैन, तबसम्म एक संकटपछि अर्को संकटमा डगमगाई रहन्छ । हामी प्रार्थना गर्दछौं कि यदि युरोपमा हालैको युद्धको प्रकोपले भविष्यको लागि कुनै पाठ सिकाउने हो भने ............प्राप्त गर्नको लागि विश्वले कुन मार्ग लिनु पर्छ भन्ने अत्यावश्यक सचेतको रुपमा काम गर्नेछ । बहाउल्लाहले आफ्नो समयका सम्राट तथा राष्ट्रपतिहरूलाई दिएको सिद्धान्तहरू, र उनले विगत र वर्तमानका शासकहरूलाई सुम्पेको महत्वपूर्ण जिम्मेवारीहरू, उहाँको कमलले पहिलो पटक रेकर्ड गरिएको भन्दा आज अझ बढी सान्दर्भिक र आवश्यक छ । बहाईहरूको लागि, ईश्वरको प्रमुख योजनाका अकल्पनीय प्रगति साथ साथै परीक्षा तथा उथलपुथलहरू ल्याउँदै, अन्ततः मानवतालाई न्याय, शान्ति र एकतातर्फ उत्प्रेरित गर्ने -त्यो नै हो ईश्वरको लघु योजना, जुन सँग अनुयायीहरू मुख्य रुपमा व्यस्थ रहनेछन् । वर्तमान समाजको निष्कृय अवस्थाले प्रभुधर्मको समाज निर्माण गर्ने शक्तिको आवश्यकतालाई प्रचुर मात्रामा स्पष्ट र अत्यावश्यक भएको देखिन्छ । हामी आशा गर्न सक्दैनौं कि, अहिलेको लागि आघात र अशान्तिले विश्वलाई सताउन छाड्ने छ, तपाईहरूले पक्कै पनि बुझ्न हुनेछः किन हामी ईश्वरका सबै सन्तानलाई भ्रम र तितो कठिनाईबाट मुक्त गर्नका लागि हार्दिक विन्ती गर्दछौं र साथै शान्तिका राजकुमारका लागि तपाईंहरूले प्रदान गर्न सक्ने सेवाहरूको सफलताको लागि हार्दिक प्रार्थना गर्दछौं ।

योजनाका गतिविधिहरूले गति पाइरहेका प्रत्येक क्लष्टरमा हामीले ३० डिसेम्बर २०२१ को सन्देशमा वर्णन् गरेका उत्कृष्ट विशेषताहरू समाजले विभिन्न प्रकारका तनावहरू अनुभव गर्दा, आभा सौन्दर्यको अनुयायीहरूले तिनीहरूको लचिलोपन र तर्क संगतताका गुणहरू, तिनीहरूको आचारणको स्तर र सिद्धान्तहरू प्रतिको पालनाको लागि, र तिनीहरूले देखाउने करुणा, निर्लिप्तता र सहनशीलता जस्ता गुणहरू एकता प्राप्तिको लागि प्रकट हुनु पर्छ । बारम्बार कठिन समयहरूमा अनुयायीहरूले देखाएका विशिष्ट विशेष्ताहरू र मनोवृत्तिका कारण व्याख्या, सल्लाह र समर्थनका लागि बहाईहरू फर्कन प्रेरित गरेको छ विशेष गरि जब समाजको जीवन जोखिम र अप्रत्याशित अवरोधहरूले खलबलाएको हुन्छ । यी अनुभवहरू सुनाउँदा हामी सचेत छौं कि विश्वलाई सताइरहेका यी विगठनका शक्तिहरूको प्रभाव बहाई समुदायले पनि अनुभव गरोस् । यसबाहेक हामी, सचेत छौं कि ईश्वरको शब्दलाई प्रवर्तन गर्ने साथीहरूको प्रयास जति बढी हुन्छ उनीहरूले ढिलो चाँढो विभिन्न पक्षबाट

सामना गर्नु पर्ने शक्तिहरू पनि त्यतिकै बलियो हुन्छन् । तिनीहरूले निश्चित रुपमा आउने परिक्षणहरूको विरुद्ध आफ्नो मन र भावनालाई बलियो बनाउनु पर्छ, नत्र उनीहरूको प्रयासको निष्ठालाई यसले हानी पुऱ्याउँछ । तर अनुयायीहरूलाई राम्ररी थाहा छ कि आफ्नो अगाडि जति सुकै आँधी बेरी भए पनि प्रभु धर्मको जहाज ती सबैको बराबर छ । यसको यात्राको क्रमिक चरणमा विभिन्न तत्वहरूको सामना गर्दै समुद्री छालमा सवार गरिरहेको छ । अहिले यो एउटा नयाँ क्षितिजतर्फ लागि रहेको छ । सर्वशक्तिमानको पुष्टिकरण नै ती हावाका झोक्का हुन् जल त्यसका पालहरू मर्दछन् र यसलाई गन्तव्यमा पुऱ्याउँछन् । र संविदा नै यसको ध्रुवतारा हो, जसले जहाजलाई निश्चत मार्गमा लैजान्छ ।   .....

विश्व न्याय गृह